# AML/CFT/CFP र goAML Reporting बारे
# धितोपत्र क्षेत्रका नियामक निकाय तथा सूचक संस्थाहरुसंग अन्तरक्रिया कार्यक्रम सम्पन्न

वित्तीय जानकारी इकाईको आयोजनामा मिति २०८१ जेठ २४ गते काठमाण्डौं धुम्बाराहीस्थित अकामा होटलमा सम्पत्ति शुद्धीकरण निवारण, आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण तथा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी (Proliferation financing) निवारण र goAML Reporting का सम्वन्धमा धितोपत्र क्षेत्रका नियामक निकाय तथा सूचक संस्थाहरुको सहभागितामा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । उक्त अन्तरक्रिया कार्यक्रममा नियामकीय तथा सुपरिवेक्षकीय निकाय नेपाल धितोपत्र बोर्ड, नागरिक लगानी कोष, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, नेपाल स्टक एक्चेन्ज लिमिटेड, धितोपत्र सम्बन्धी कार्य गर्ने सूचक संस्थाहरु धितोपत्र दलाल कम्पनीहरु, मर्चेन्ट बैंकर्श कम्पनीहरु तथा सम्बद्ध एशोसियसनहरुको सहभागिता रहेको थियो ।




कार्यक्रमका प्रमुख अतिथि नेपाल धितोपत्र बोर्डका कार्यकारी निर्देशक डा. नवराज अधिकारीले goAML System मा दर्ता भई सीमा तथा शंकास्पद कारोवारहरु रिपोर्टिङ्ग गर्न सबै सूचक संस्थाहरुलाई निर्देशन दिनु भयो । उहाँले धितोपत्र क्षेत्रको प्रेडिकेट अफेन्स इन्साइडर ट्रेडिङ्ग र मार्केट म्यानुपुलेसन रोक्न कडाईका साथ लाग्ने प्रतिबद्धता समेत व्यक्त गर्नुभयो । कार्यक्रममा वित्तीय जानकारी इकाई प्रमुख/ निर्देशक दीर्घबहादुर रावलले कार्यक्रमको औचित्यताका सम्वन्धमा प्रकाश पार्दै सहभागीहरुलाई कार्यक्रममा स्वागत गर्नु भयो । उहांले गो-एएमएल प्रणालीमा प्राप्त हुने प्रतिवेदनहरू गोप्य र सुरक्षित रहने भएकोले सीमा कारोबार विवरण तथा शङ्कास्पद कारोबार/गतिविधि प्रतिवेदनहरु नियमित रुपमा रिपोर्टिङ्ग गर्न सूचक संस्थाहरुलाई आग्रह गर्नुभयो । कार्यक्रमका अतिथि धितोपत्र ब्रोकर्स एशोसिएसन नेपालका सभापती सागर ढकालले वित्तीय जानकारी इकाईकाबाट आगामी दिनहरुमा पनि यस्तै कार्यक्रमको अपेक्षा गर्दै सम्पत्ति शुद्धीकरण सम्बन्धी कानुनहरुको पालना गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

उक्त कार्यक्रममा नेपाल धितोपत्र बोर्डका निर्देशक रितम्भरा बस्नेतले 'AML/CFT र APG Mutual Evaluaton 2023 मा प्राप्त सुझावहरुमा धितोपत्र क्षेत्रका नियामक निकाय तथा सूचक संस्थाहरुको भूमिका' शीर्षकमा पहिलो कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । उहाँले 'goAML software मार्फत TTRs/STRs/SARs को रिपोटिङ्ग गर्न र APG Mutual Evaluaton 2023 मा देखिएका कैफियतहरु सुधार गर्न धितोपत्र सम्बन्धी कार्य गर्ने सूचक संस्थाहरुलाई आग्रह गर्नुभयो । साथै उक्त कार्यक्रममा वित्तीय जानकारी इकाईका सहायक निर्देशक कमल पौडेलले 'goAML software मा आबद्धता तथा रिर्पोटिङ्ग शीर्षकमा दोश्रो कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।



कार्यक्रममा सहभागीहरुले राख्नुभएका जिज्ञासाहरुलाई नेपाल धितोपत्र बोर्डका कार्यकारी निर्देशक डा. नवराज अधिकारी, वित्तीय जानकारी इकाईका प्रमुख दीर्घ बहादुर रावल, धितोपत्र ब्रोकर्स एशोसिएसन नेपालका सभापती सागर ढकाल तथा कार्यपत्र प्रस्तोता नेपाल धितोपत्र बोर्डका निर्देशक रिताम्भरा बस्नेत र वित्तीय जानकारी इकाईका सहायक निर्देशक कमल पौडेलले सम्बोधन गर्नुभएको थियो । उक्त कार्यक्रममा इकाईका उप-निर्देशक केशव प्रसाद रिमालले प्रमुख अतिथि, अतिथि, कार्यपत्र प्रस्तोताहरु र सम्पूर्ण सहभागीहरुलाई धन्यवाद ज्ञापन गर्दै कार्यक्रममा समापन मन्तव्य राख्नुभएको थियो । वित्तीय जानकरी इकाईका सहायक निर्देशक अर्चना धिताल (आचार्य) ले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।



